# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

## फोहर व्यवस्थापन सम्बन्धी शिलबन्दी दरभाउपत्र/प्रस्ताब आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/११/१० गते

यस नगरपालिका क्षेत्र भित्र घरघरबाट श्रृजित हुने फोहरमैलालाई न.पा. ले तोकेको शुल्क लिएर उठाउने र तत्काल व्यवस्थित रुपमा विसर्जन गर्न तथा दिर्घकालिन रुपमा नगरपालिकालाई घरघरबाटै फोहर नियन्त्रित नगरपालिकाको रुपमा पहिचान गराउन सार्वजनिक निजी साझेदारी (PPP) को आधारमा बढाबढ द्वारा फोहोर मैला संकलन गर्न इच्छुक व्यक्ति फर्मवा कम्पनीले तपसिलमा उल्लेखित सेवा सर्तको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा शिलबन्दी दरभाउपत्र/प्रस्ताब पेश गर्न सबन्धित सबैमा सुचित गरिन्छ। रित नपुगेका र म्याद नाघी आएका शिलबन्दी दरभाउपत्र/प्रस्ताब उपर कुनै कारवाही हुने छैन।

**तपसिल**

१. शिलबन्दी दरभाउपत्र संगै फर्मवा कम्पनीको दर्ता र नविकरण (२०७७/७८) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सहितको प्रस्ताबना पेश गर्नु पर्ने।

२. प्रस्ताबक व्यवसायिक रुपमा  प्राङ्गारिक तथा जैविक मल उत्पादन गर्न इच्छुक हुनु पर्ने।

३. प्रस्ताबकलाई नगरपालिकाले पालुङटार नगरपालिका वडा नं. ३ मा नगरपालिकाको स्वामित्वमा रहेको करिव १५ रोपनी जग्गा र फोहर बाटकम्पोस्ट, प्राङ्गारिक मल बनाउने मेसिन प्रयोग गर्न दिनेछ।

४. सुरुमा फोहर व्यवस्थापन गर्ने जनचेतना जगाउन नगरपालिकाले कार्यक्रम संचालन गर्न सक्नेछ।

५. फोहर संकलन केन्द्र सम्म जाने पूर्वाधार एवं आवश्यक अन्य निर्माण, मर्मत-संभार नगरपालिकाले गर्ने छ।

६. सम्झौताको समय सिमा हाललाई ५ (पाचँ) वर्षको हुने छ। तर आपसी सहमतिमा १ (एक) वर्षको समय थप हुन सक्ने।

७. फोहर व्यवस्थापन सन्दर्भमा कनै समस्या वा विवाद उत्पन भएमा प्रस्ताबक र न.पा.को आपसी सहमतिमा समस्याको समाधान गरिने छ। सहमति हुन नसके प्रचलित नेपाल कानुन अनुसार हुनेछ।

८. फोहरमैला संकलन/प्रशोधन लागि नगरपालिकाले तोकेको जग्गा वा क्षेत्र बाहेक अन्यत्र प्रयोग गर्न पाईने छैन। तर प्रस्तावक आफैले जग्गा व्यवस्थापन गरी विवादरहित तरिकाले पायक पर्ने स्थानमा प्रयोग गर्न चाहेमा प्रयोग गर्न सक्ने।

९. प्रस्ताबकले उत्पादन गरेको मल नेपाल सरकारको प्राङ्गारिक तथा जैविक मल उत्पादन कार्यविधि तथा मापदण्ड २०६८ बमोजिम गुण स्तरीय र नेपाल सरकारको/आधिकारिक निकाय वा तोकिएको ल्याबबाट प्रमाणित भएको हुनु पर्ने। फोहोर मैला व्यस्थापन केन्द्र बाट तयार गरिएको प्राङ्गारिक मल, फर्मवा कम्पनीको सुलभ मूल्यमा नगरपालिले खरिद गर्न सक्ने छ।

१०. फोहर मैला संकलन शुल्क र उठेको फोहर (कबाडी) तथा मल बिक्रीबाट प्राप्त आम्दानी मध्य दोस्रो पक्षले न.पा. लाई बार्षिक रुपमा न्युनतम रु १,००,०००.०० (एक लाख) बुझाउनु पर्ने छ। बढी रकम कबोल गर्ने व्यक्ति, फर्म वा कम्पनीको प्रस्ताब स्वीकृत हुनेछ।

११. फोहर मैला संकलन शुल्क दोस्रो पक्षले न.पा. ले तोकेको दररेटमा उठाउनु पर्ने छ।

१२. कुहिने र नकुहिने फोहरलाई अलग अलग गरि संकलन गर्नुपर्ने छ।

१३. फोहर मैला संकलन केन्द्रमा जडित बिधुत तथा पानीको महसुल प्रस्ताबकले तिर्नुपर्ने छ।

१४. प्रस्ताबकले कम्तिमा पनि हप्ताको २ (दुई) पटक एक पटक कुहिने र एक पटक नकुहिने फोहर संकलन गर्नुपर्ने छ।

१५. फोहोर संकलन केन्द्र र मेसिनको सुरक्षाको लागि न.पा. ले ६ महिनाको सुरक्षा खर्च प्रबन्ध गर्ने छ। त्यसपछी फोहोर संकलन केन्द्र र मेसिनको सुरक्षा, दरभाउ पत्र दाता/प्रस्तावकले स्वंयम गर्नुपर्नेछ।

१६. शिलवन्दी दरभाउपत्र/प्रस्ताव पेश गर्दा आफुले कबोल गरेको रकम को ५ प्रतिशतले हुन आउने रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक पालुङटार शाखामा रहेको धरौटि खाता नं. ०३१७७००९५९५३२०१७ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा प्रस्ताव पेश गर्ने अन्तिम मितिबाट ९० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ। कवोल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**